| २०७७ बैशाख १ देखि असोज १२ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २९१ | ६७ | २२३ | ४२ | ३७ | ११ | ६५ | ० | २०५ | ३९८ | १०४ | ४३९ |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि असोज १२ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २८९ | ६७ | २२२ | ३९ | ३६ | ९ | ३५ | ० | ८६ | ३६३ | १०३ | ३१७ |
| **२०७७ असोज १२ देखि १३ गते विहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | जनावर आक्रमण | | | कुल जम्मा | | |
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ० | १ | १ | ० | १ | १ | ० | १ | १ | ० | ३ | ३ |

# दैनिक विपद् बुलेटिन

१२ असोज विहान १०:०० बजेदेखि १३ असोज विहान १०:०० बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरेर आज **५** स्थानमा **आगलागी,** **३** स्थानमा **अबिरल वर्षा,** **३** स्थानमा **जनावर आक्रमण,** **१** स्थानमा **बाढी,** **१** स्थानमा **पहिरो**का घटना घटेका छन् । यी घटनामा परेर **३** जनाको **मृत्यु,** ४ जना **घाईते** भएका छन् । यी घटनाबाट **७३ लाख २५ हजार २ सय रुपैंया** बराबरको धनमाल क्षति भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ३ | ० | १३ | ४ | ७३,२५,२०० | ० | ० |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **१३** वटा घट्ना भएका छन् ।
- **चितवन**को खैरहनी नगरपालिका वडा नं १३ स्थित **कुमरोज मध्यवर्ती सामुदायिक वन**मा घाँस काट्न गएको बेला वर्ष ६० का **१ जनालाई बाघले आक्रमण गर्दा मृत्यु** ।
- **प्युठान**को माण्डवी गाउँपालिका वडा नं १ डामृखोलास्थित तिरामबाट दाङ जाने **मदनमणी लोक मार्ग**मा जे.सि.वी.ले बाटो निर्माण गर्ने क्रममा माथिबाट **पहिरो** आई चालक सहित जे.सि.वी. बाटो देखि करिव २० मिटर तल खस्दा **चालकको मृत्यु** ।
- **सिन्धुली**को हरिहरपुरगढि गाउँपालिका वडा नं ५ गाग्रेढुङ्गास्थित मरिणखोला तर्ने क्रममा अचानक आएको **बाढीले** बगाई बर्ष ३५ का **१ जनाको मृत्यु** ।
- **बाजुरा**को बुढीगंगा नगरपालिका वडा नं १० सिगाडास्थित गोठमा जाने क्रममा **१ जनालाई जङ्गली भालुले आक्रमण गर्दा घाईते** ।

## घट्ना सारांश...

- **सोलुखुम्बु**को दुधकुण्ड नगरपालिका वडा नं ७ खोरियास्थित घर नजिकै बारीमा घास काट्ने क्रममा अचानक **जंगली भालुले आक्रमण गर्दा १ जना घाईते** ।
- **उदयपुर**को कटारी नगरपालिका वडा नं ४ जहडिस्थित एक घरमा पुजा कोठामा दियो बाल्ने क्रममा कोठा भित्र रहेको पेट्रोलमा अचानक **आगलागी** हुँदा **१ जनाको** दाहिने पाता र छातीमा आगोले पोली **घाईते** ।
- **भोजपुर**को भोजपुर नगरपालिका वडा नं ८ पोखरे लाईनस्थित एक घर **अविरल बर्षा**को कारण लडी पुर्णरुपमा क्षति हुँदा सोही घरमा कोठा भाडा लिई बस्ने बर्ष १७ का **१ जना घाईते, ९ लाख ६० हजार २ सय रुपैंया** बरावरको क्षति ।
- **सर्लाही**को मलंगवा नगरपालिका वडा नं ७ स्थित एक घर **अबिरल बर्षा**को कारण पुर्णरुपमा भत्किदा **३ लाख रुपैंया** बराबरको क्षति ।
- **मकवानपुर**को हेटौडा उपमहानगरपालिका वडा नं ८ स्थित औधोगिक क्षेत्रभित्र रहेको महाशक्ति सोप साबुन प्याक्ट्रीको गोदाममा बिजुलीको तार सर्ट भई **आगलागी** हुँदा काटुन, रेपर, केमिकल गरी **५० लाख रुपैंया** बराबरको क्षति ।
- **बाँके**को नेपालगंज उपमहानगरपालिका वडा नं १८ लगदहवा स्थित कुमार कन्ट्रक्सन आसिस निर्माण सेवाको बाटो पिच बनाउने अलकत्रा कम्पनीमा अलकत्रा आफै हिट भई **आगलागी** हुँदा कम्पाउण्डभित्र रहेको भे १ त ६२५९ नं. को ट्याक्टर, ना ७ ख २३५९ नं. को टिप्पर र म १ ख ५९ नं. को डिस्टिभेटरमा आंशिक क्षति ।
- **धनकुटा**को धनकुटा नगरपालिका वडा नं ८ श्रीमार्गटोलस्थित **४ वटा** घर **अबिरल बर्षा**का कारण भाँसिएर सामान्य क्षति हुँदा **८ लाख ५० हजार रुपैंया** बराबरको क्षति ।
- **संखुवासभा**को खाँदबारी नगरपालिका वडा नं १ बसपार्कस्थित एक घरमा ग्यास लिक भइ अचानक **आगलागी** हुँदा नगद, लत्ताकपडा, भाँडाबर्तन, अन्नपात, टिभि, फर्निचरका समानहरु जलि **१ लाख ५० हजार रुपैंया** बराबरको क्षति ।
- **रौतहट**को परोहा नगरपालिका वडा नं ३ तेजापाकडस्थित एक घरमा लामखुट्टे धपाउन बालेको घुरबाट अचानक आगो सल्किई **आगलागी** हुँदा घर पुर्णरुपमा जली **१ लाख रुपैंया** बराबरको क्षति ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट आगलागी, अविरल वर्षा र जंगली भालुको आक्रमणमा परी घाईते भएकाहरुलाई नजिकैको स्वास्थ्य उपचार केन्द्र पठाइ उपचार भइरहेको, स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको ।

## बाढी पूर्वानुमान

<u>असोज-१३ (मंगलबार) (विहान ७ बजे देखि २४ घण्टा)</u>


- आज कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव घट्ने तथा सतर्कता तलै हुने पूर्वानुमान छ ।
- आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब घट्ने तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ ।
- आज प्रदेश १ र २ भई बहने केही स-साना सहायक नदीमा बहाव केही बढ्ने तर सतर्कता तलै हुने पूर्वानुमान छ ।

**थप जानकारीका लागि** जल तथा मौसम विज्ञान विभाग**को वेभसाइटः http://hydrology.gov.np/**

## वर्षाको सारांश

असोज १२ गते बिहान ०८:४५ बजे देखि असोज १३ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०६/१३ गते बिहान ०८:४५ बजे १९५ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ६० र स्वचालितः १३५) मा मापन गरिएको वर्षाको विवरण अनुसार ३४ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (२४.६ मि. मी.) सिन्धुली जिल्लाको सिन्धुलीमाढी केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये ४ वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि <u>www.dhm.gov.np/climate/</u>मा हेर्नुहोस।**

# आगामी तीन दिनको मौसम पूर्वानुमान

नेपाल सरकार
**उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय**
जल तथा मौसम विज्ञान विभाग
मौसम पूर्वानुमान महाशाखा
**मौसम पूर्वानुमान बुलेटिन (Weather Forecast Bulletin)**
(जारी मितिः २०७७-०६-१३ बिहान ०६:०० बजे)

**मौसम विश्लेषण** (Meteorological Analysis):-
हाल भारतको पुर्वी बिहार आसपास रहेको न्युन चापीय प्रणालि कमजोर हुने क्रममा रहेको छ।

**हालको मौसमको अवस्था** (Present Weather Status):
हाल देशका पहाडी भू-भागमा आंशिक देखी सामान्य बदली रहेको छ ।

**आगामी तीन दिनको मौसम पूर्वानुमान**

**असोज १३ गते (मंगलबार)**

**दिउँसो :** प्रदेश नं १, गण्डकी प्रदेश र प्रदेश नं ५ मा सामान्य बदली रही थोरै स्थानहरुमा हल्का वर्षा तथा बाँकी प्रदेशहरुमा आंशिक बदलीको सम्भावना रहेको छ ।

**राती :** प्रदेश नं १, गण्डकी प्रदेश र प्रदेश नं ५ मा सामान्य बदली रही थोरै स्थानहरुमा हल्का वर्षा तथा बाँकी प्रदेशहरुमा आंशिक बदलीको सम्भावना रहेको छ ।

**असोज १४ गते (बुधबार)**

**दिउँसो :** प्रदेश नं १, प्रदेश नं २,बागमती प्रदेश, गण्डकी प्रदेश, प्रदेश नं ५ मा सामान्य बदली रही थोरै स्थानहरुमा तथा बाँकी प्रदेशहरुमा आंशिक बदली भइ एक दुइ स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ ।

**राती :** प्रदेश नं १, बागमती प्रदेश, गण्डकी प्रदेश र प्रदेश नं ५ मा सामान्य बदली रही थोरै स्थानहरुमा हल्का वर्षा तथा बाँकी प्रदेशहरुमा आंशिक बदलीको सम्भावना रहेको छ ।

**असोज १५ गते (बिहिबार)**

**दिउँसो :** प्रदेश नं १, प्रदेश नं २,बागमती प्रदेश, गण्डकी प्रदेश, प्रदेश नं ५ मा सामान्य बदली रही थोरै स्थानहरुमा तथा बाँकी प्रदेशहरुमा आंशिक बदली रहने सम्भावना रहेको छ ।

**राती :** प्रदेश नं १, प्रदेश नं २,बागमती प्रदेश, गण्डकी प्रदेश, प्रदेश नं ५ मा सामान्य बदली रही थोरै स्थानहरुमा तथा बाँकी प्रदेशहरुमा आंशिक बदली रहने सम्भावना रहेको छ ।

आगामी २४ घण्टाका लागि चेतावनी तथा परामर्श (Warning/Advisory for next 24 hours):
**छैन।**

**गणितिय मौसम पूर्वानुमानमा आधारित तीन दिनसम्मको मौसमको अवस्थाका लागि यो लिंकमा हेर्नुहोला ।**
http://mfd.gov.np/nwp/#/nwp/Precipitation, http://mfd.gov.np/nwp/#/nwp/Wind